त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु

**सेमेष्टर परीक्षा प्रणाली अनुसार चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (B.Sc.CSIT ) विषयमा २०७७ सालको नयाँ विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरुमा सेमेष्टर परीक्षा प्रणाली अनुसार पठन पाठन हुने विज्ञान तर्फ चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (B.Sc. CSIT) विषयमा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त २०७७ सालको लागि निम्नानुसारको प्रवेश परीक्षा तथा नयाँ भर्ना सम्बन्धी कार्यकम प्रकाशित गरिएको छ ।

१. **आवेदनको लागि न्यूनतम योग्यता** :

(क) त्रि.वि. वा त्रि.वि.बाट मान्यता प्राप्त शिक्षण संस्थावाट विज्ञान विषयमा (I.Sc.) भौतिक शास्त्र र गणित विषय १००/१०० पूर्णाङ्कको लिई प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको वा माध्यामिक विद्यालयबाट विज्ञान विषयमा भौतिक शास्त्र र गणित विषय लिई कक्षा ११ र कक्षा १२ मा प्रत्येक विषयमा अन्तिम ग्रेड C वा उच्च माध्यामिक विद्यालयबाट विज्ञान विषयमा भौतिक शास्त्र र गणित विषय १००/१०० पूर्णाङ्कको लिई कक्षा ११ र कक्षा १२ वा सो सरहको परीक्षामा कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्ने ।

(ख) A Level विज्ञान विषयमा ( भौतिक शास्त्र र गणित विषय १००/१०० पूर्णाङ्कको लिई) कम्तिमा D Grade प्राप्त गरेको हुनुपर्ने ।

(ग) CTEVT बाट Three Years Diploma Engineering विषयमा (भौतिक शास्त्र र गणित विषय १००/१०० पूर्णाङ्क लिएको हुनुपर्ने) कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्ने ।

(घ) विदेशी शैक्षिक संस्था वा विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा पाठ्यक्रम बिकास केन्द्र, सानोठिमी भक्तपुरबाट समकक्षता प्राप्त गरेको कागजात पेश गर्नुपर्ने छ ।

(ङ) प्रवेश परीक्षाको आवेदन फाराम भराउँदा आवेदन फाराम भर्न तोकिएको न्यूनतम योग्यता छ छैन रुजु गरी सम्बन्धित क्याम्पस कलेजहरुले फाराम भराउने ।

२. **आवेदन फाराम वितरण** : आवेदन फाराम website www.tuiost.edu.np बाट download गरी २०७७ साल माघ ११ गते देखि B.Sc.CSIT पढाई हुने आंगिक क्याम्पस र सम्बन्धन प्राप्त कलेजहरुमा रु.१५००।- तिरी बुझाउन सकिने छ । एक ठाउँबाट फाराम भरेपछि अर्को ठाउँमा फाराम भर्नु पर्ने छैन । एउटै फाराम सबै क्याम्पस/कलेजहरुको लागि मान्य हुने छ ।

३. **आवेदन फाराम बुझाउने अन्तिम मिति** :२०७७ साल फागुन २ गते सम्म । दोब्बर दस्तुर तिरी २०७७ साल फागुन ९ गते सम्म ।

४. **सम्बन्धित क्याम्पस । कलेजहरुले संकलन गरेको आवेदन फाराम बुझाउनु पर्ने अन्तिम मिति** : Single दस्तुरका फाराम २०७७ साल फागुन ५ गते सम्म र Double दस्तुरका फारामहरु २०७७ साल फागुन १२ गते सम्ममा डीन कार्यालयमा बुझाउनु पर्नेछ ।

५. **प्रवेश परीक्षा हुने मिति र समय** :२०७७ साल फागुन २४ गते सोमबार दिनको १२:०० बजे देखि २:०० बजे सम्म ।

६. **प्रवेश पत्र** : आफूले फाराम भरेको क्याम्पस, कलेजहरुबाट नै उपलब्ध हुने छ ।

७. **परीक्षा केन्द्र** : पछि प्रकाशित गरिने छ ।

८. **क्याम्पस । कलेजहरुले विद्यार्थीहरुबाट प्राप्त फाराम शुल्क बुझाउने सम्बन्धमा** : प्रत्येक विद्यार्थीहरुले तिरेको फाराम शुल्क बापतको रु. १५००।- का दरले हुन आउने रकम सम्बन्धित क्याम्पस, कलेजहरुले कीर्तिपुर स्थित नेपाल बैंक लि. मा रहेको यस डीन कार्यालयको चल्ती हि. नं ०४५००१०००९९१०७००००१ मा जम्मा गरी सोको भौचर परीक्षा शाखामा आवेदन फाराम साथ बुझाउनु पर्ने छ । विद्यार्थीहरुको फाराम रुजु गरी वर्णानुक्रम अनुसारको नामावली विवरण Excel File मा Capital Letter मा तयार गरी Pen Drive मा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

९. **भर्ना** : कुनै पनि आंगिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजमा आवेदन दिएका विद्यार्थीहरुले प्रवेश परीक्षाको नतिजा प्रकाशन पछि प्रवेश परीक्षाको योग्यता कमको सूचीको आधारमा आफूले अध्ययन गर्न चाहेको क्याम्पस/कलेजमा भर्ना हुन सक्नेछन् ।

१०. **कक्षा संचालन** : २०७७ साल चैत्र दोश्रो हप्ताबाट ।

११. **प्रवेश परीक्षा सम्बन्धी अन्य जानकारी** :

-प्रवेश परीक्षाको अंकभार १०० पूर्णाङ्कको हुनेछ । जसमा I.Sc / ११ र १२ वा सो सरहको पाठ्यकमको आधारमा English, Mathematics, Physics, Chemistry विषयको दुई घण्टा को परीक्षा हुनेछ ।

-प्रवेश परीक्षाको १०० प्रश्नहरु Objective हुने छन् ।

-प्रवेश परीक्षा उत्तिर्ण हुन पूर्णाङ्कको ३५% अंक प्राप्त गर्नु पर्ने छ ।

-प्रवेश परीक्षाको नमुना प्रश्नपत्र सम्बन्धित क्याम्पस, कलेजबाट प्राप्त हुनेछ ।

मिति : २०७७।१०।०९

सहायक डीन

**Tribhuvan University**

Campus Regd. No.

Institute of Science & Technology

**4 Years B.Sc.Computer Seicnce & Information Technology(B.Sc.CSIT)**

**Entrance Examination Application Form**

PHOTO

**Entrance Exam Roll No...........**

Dear Sir,

I would like to submit this application form for the entrance examination of B.Sc. CSIT programme for the academic year 207....../207........., and I hereby promise to abide by all the rules and regulations of Tribhuvan University.

Name in Devanagari: ................................................................................. Mobile No. : ......................................... ......

Name in English (in Block letter) : ................................................................

Date of Birth : B.S. ................................................ A.D. .................................. Gender : Male / Female/ Nationality..............................

Permanent Address : State : ............................ District : .................................... Rural/Municipality : ..................................................

Ward No. ........................ Block No. : .......................... Locality : .............................................................................................................

Temporary Address : ..........................................................................................................................................................................

Father's Name : ...............................................................................Occupation : ....................... Tel No. .........................................

Guardian's Name : ......................................................................... Occupation : ....................... Tel No. .........................................

Local Guardian: ............................................................................. Occupation : ..................Relation.................... Tel No. .................................

**Examination passed :**

| Level | Board or University | Passed year | Full Marks | Marks obtained | Grade/ Percentage | Division | Regd. No. | Higher secondary School/College |
|---|---|---|---|---|---|---|---|---|
| S.L.C/ SEE | | | | | | | | |
| I.Sc./+2/ CTEVT/ A-Level | | | | | | | | |
| Others | | | | | | | | |

**Verified by:...............................**

**Campus/College:.................................................................**

| | |
|---|---|
| I hereby agree to any kind of action taken by the University and campus/ college on the charge of violation of the rules and regulations of TU by my ward and I will have no objection whatsoever to that effect.<br>Name of Guardians :…………………………......................<br>Signature ……………………..............Date……………….............. | To the best of my knowledge the data supplied above by me are correct I Strictly obey the rules and regulations of TU and campus/college and agree to any kind of action taken against me for any kind of my fault.<br>Name of Student :…………………………………………<br>Signature;…………………......................Date……………… |

**Tribhuvan University**

Institute of Science & Technology

**B. Sc. CSIT Entrance Examination 207.......**

**Entrance Examination Coordination Committee**

**ADMIT CARD**

PHOTO

**Entrance Exam Roll No........................................**

Name: ....................................................................................

Date: .....................................................................................

Campus/College.................................................

Full Signature of Applicant

Assistant Dean

*STUDENTS MUST BRING THIS ADMIT CARD ON THE DAY OF EXAMINATION.*

**Students are advised to read the information notice carefully**